"शिक्षा, स्वास्थ्य, पर्यटन तथा व्यापारिक पूर्वाधार, बहुसांस्कृतिक, आवासीय समृद्ध शहर"
धरान उपमहानगरपालिका
DHARAN SUB-METROPOLITAN CITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
( शिक्षा, युवा तथा खेलकुद महाशाखा शाखा)
( Section)
धरान, सुनसरी, १ नं. प्रदेश, नेपाल
Dharan, Sunsari, Province No. 1, Nepal

पत्र संख्या :-१०१/२०६२/२०६६
चलानी नं. :-२२६६

मिति: २०७५।०७।१३

**विषय: सूचना ! सूचना !! सूचना !!!**

प्रश्तुत विषयमा यस उपमहानगरपालिका अन्तर्गतका मान्यता प्राप्त शिक्षण संस्थाहरुमा प्राथमिक देखि उच्च तहसम्म नियमित रुपमा अध्ययनरत द्वन्द्व पिडित परिवारका छोराछोरीहरुका लागि दिइने छात्रवृत्ति पाउन इच्छुक द्वन्द्व पिडित छात्र छात्राहरुबाट नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी कार्यविधि २०६६ को परिधि भित्र रहि निम्न लिखित कागजात सहितको निवेदन मिति **२०७५ मंसिर मसान्त** भित्र धरान उपमहानगरपालिका, शिक्षा युवा तथा खेलकुद महाशाखामा पेश गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ ।

**पेश गर्नुपर्ने कागजातहरु:**

१. द्वन्द्वका समयमा मृत्यु भई राज्यका तर्फबाट नजिकको हकदारलाई राहत उपलब्ध गराइएको जिल्ला प्रशासन कार्यालयको पत्रको प्रमाणित प्रतिलिपि थान -१
२. द्वन्द्वका समयमा मृत्यु भएको व्यक्तिसँग निवेदक विद्यार्थीको नाता प्रमाणित पत्रको प्रतिलिपि थान- १
३. निवेदक विद्यार्थीको जन्म दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि थान- १
४. निवेदकको नाम थर, कक्षा, रोल नं. समेत स्पष्ट खुल्ने गरि विद्यार्थी नियमित रुपमा अध्ययनत रहेको र तह नदोहोर्याएको भन्ने हाल अध्ययरत शिक्षण संस्थाको सिफारिस पत्र थान -१
५. स्थानिय शान्ति समितिको सिफारिस पत्र थान- १
६. अन्य जिल्ला वा स्थानीय तहमा स्थायी ठेगाना भई धरान उपमहानगरपालिका अन्तर्गतका विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको हकमा स्थायी ठेगाना रहेको स्थानीय तहबाट यस प्रकारको छात्रवृत्ति नपाएको व्यहोरा खोलिएको पत्र थान - १
७. द्वन्द्वको कारण अपाङ्ग भएका छात्रछात्राहरुको हकमा जिल्ला प्रशासन कार्यालयले उपलब्ध गराएको परिचय पत्र (अपाङ्गताको प्रतिशत ५० % भन्दा माथी हुनुपर्ने) थान - १
८. द्वन्द्वका समयमा अपाङ्ग भएका व्यक्तिका छोराछोरीहरुको हकमा द्वन्दको समयमा अपाङ्ग भएको भनी द्वन्द्व प्रभावित व्यक्ति - परिवार तथा संरचनाको लगत संकलन कार्यदलको प्रतिवेदनमा नाम समावेश भएको प्रमाण पेश गर्नु पर्नेछ ।
९.

पुनश्चः - *१. गत विगत वर्षहरुमा शिक्षा विकास तथा समन्वय इकाईबाट नियमित रुपमा द्वन्द्व पीडित छात्रवृत्ति प्राप्त गरिरहेका विद्यार्थीहरुको हकमा सम्बन्धित इकाईको प्रमाणित पत्र र बुदा नं. ४ बमोजिमको अध्ययनरत शिक्षण संस्थाको सिफारिस मात्र पेश गरे पुग्नेछ ।*

*२. यस प्रकारको छात्रवृत्ती मृतकका बढिमा ३ जना छात्रछात्राहरुको लागि मात्र उपलब्ध गराइनेछ ।*

*३. यस्तो छात्रवृत्ति बढिमा १८ वर्षको उमेर सम्मका छात्रछात्राहरुलाई मात्र उपलब्ध गराइनेछ ।*

............................
पिताम्बर गौतम
पिताम्बर गौतम
नि. प्रमुख प्रशासकीय अधिकृत

कार्यकारी अधिकृत: ०२५-५२०२७९, आर्थिक प्रशासन: ५२५४९०, सूचना, राजस्व: ५२०१०९, कार्यालय: ५२०४०७, ५२०६३६, ५२०८१३ फ्याक्स: ५२११११ वरुणयन्त्र: १०१, ५२०१११